VERMONT
DEPARTMENT OF HEALTH

# कोबिड-१९ संक्रमणकालागि उच्च जोखिम स्वास्थ्य स्थिती (समस्या) हरु

मार्च 2021

कोबिड-१९ (COVID-19) विरुद्धका खोपहरू भर्मान्टमा कतिपय स्वास्थ्य समस्या भएका मानिसहरूलाई उपलब्ध गराइनेछ । यस्ता स्वास्थ्य स्थिती (समस्या) हरूले मानिसहरूलाई अन्य स्वास्थ्य समस्याहरूको तुलनामा कोबिड-१९ (COVID-19) संक्रमणकालागि बढी जोखिममा पार्ने र अत्यन्त बिरामी बनाउने गरेको पाइएको छ ।

## हालमा भैराखेको क्यान्सर

क्यान्सर भएका मानिसहरूमा असामान्य अवस्थामा रहेका र अनियन्त्रित ढङ्गले विभाजित भइरहने कोषहरू हुन्छन् । यी कोषहरू शरीरमा अङ्गहरू बनाउने अन्य तन्तुहरूमा फैलन सक्छन् । क्यान्सरका कोषहरू रगत तथा अन्य प्रणाली मार्फत शरीरका अन्य भागहरूमा सर्न सक्छन् । अधिकांश क्यान्सरहरूलाई तिनले असर पार्ने शरीरको अङ्ग अनुसार नाम दिइएको छ (उदाहरणका लागि, फोक्सोको क्यान्सर फोक्सोमा सुरु हुन्छ) ।

## दीर्घकालीन मिर्गौला रोग

दीर्घकालीन मिर्गौला रोग भएका मानिसहरूमा बिग्रिसकेका वा स्वस्थ मिर्गौलूले गर्न सक्ने सरह रगत सफा गर्न नसक्ने मिर्गौला हुन्छ । मिर्गौलाहरूले राम्रोसँग काम गर्न नसक्दा शरीरबाट निक्लेका फोहोर पदार्थहरू तथा अतिरिक्त पानी शरीरमै जम्मा हुने गर्छन् । यसले मुटुको रोग, उच्च रक्तचाप र अन्य स्वास्थ्य समस्याहरू गराउन सक्छ ।

## सि. ओ. पि. डि. (**COPD**) लगायत एम्फिसिमा र दीर्घकालीन ब्रोन्काइटिस

सि. ओ. पि. डि (क्रोनिक अब्सट्रक्टिभ पल्मोनरी डिजिज) रोगहरूको एक समूह हो जसले तपाईंको वायुमार्गमा अवरोध गराउँछन् र सास फेर्न कठिन गराउन सक्छन् । एम्फिसिमा र दीर्घकालीन ब्रोन्काइटिस सि. ओ. पि. डि का दुईवटा प्रकार हुन् ।

## मुटुरोग

यसमा मुटुलाई क्षति पुऱ्याउने विभिन्न दीर्घकालीन रोगहरू हुन्छन् । यसमा हृदयाघात, हार्ट फेलियर, कन्जेस्टिभ हार्ट फेलियर, कोरोनरी आर्टरी डिजिज वा इस्केमिक हार्ट डिजिज (मुटुमा पर्याप्त रगत र अक्सिजन पुग्न नसकेको अवस्था) पर्दछन् । कोरोनरी आर्टरी डिजिज (रोग) ले एन्जाइना वा छाती एकदमै दुख्ने समस्या गराउन सक्छ । मुटुका अन्य रोगहरूमा कार्डियोमायोपेथी (मुटुलाई रगत पम्प गर्न कठिन गराउने अवस्था) र पल्मोनरी हाइपरटेन्सन (मुटुतिर गइरहेका रक्तवाहिनी नलीहरूमा उच्च रक्तचाप) पर्दछन् । यसमा उच्च रक्तचाप समावेश गरिएको छैन ।

# कोबिड-१९ संक्रमणकालागि उच्च जोखिम स्वास्थ्य स्थिती (समस्या) हरु

VERMONT
DEPARTMENT OF HEALTH

मार्च 2021

## इम्युनोकम्प्रोमाइज्ड (कमजोर रोग प्रतिरोधात्मक प्रणाली

यो समस्या भएका मानिसहरूले सङ्क्रमणहरूसँग लड्न सक्दैनन् किनभने उनीहरूको रोग प्रतिरोधात्मक प्रणालीले राम्रोसँग काम गरिरहेको हुँदैन। यो ठोस अङ्गको प्रत्यारोपण, रगत वा बोन म्यारोको प्रत्यारोपण वा प्रतिरोधात्मक क्षमतालाई कमजोर गराउने रोगहरूका कारणले गर्दा हुन सक्छ। यसमा HIV वा CD4 कोष गन्तीमाा कमी भएका वा HIV को उपचार नगराइरहेका मानिसहरू पनि पर्दछन्। कोर्टिकोस्टेरोइड वा अन्य औषधिहरू प्रयोग गर्दा पनि त्यसले रोग प्रतिरोधात्मक प्रणालीलाई कमजोर गराउन सक्छ।

## अत्यधिक मोटोपन (40 वा सोभन्दा बढी BMI)

निश्चत उचाइका लागि स्वस्थ मानिएको तौलभन्दा बढी तौल – उदाहरणका लागि, 65 इन्च वा 5 फिट 5 इन्च उचाइ र 240 पाउण्ड तौल भएका व्यक्तिको BMI 40 हुन्छ।

## गर्भावस्था

गर्भवती महिलाहरूलाई स्वास्थ्य समस्याहरूको चरणमा समावेश गरिएको छ किनभने गर्भवती महिलाहरू कोबिड-१९ (COVID-19) बाट एकदमै बिरामी हुने उच्च जोखिममा हुने गर्छन्।

## टाइप 1 र टाइप 2 मधुमेह

मधुमेह (डायबिटिज) भएका मानिसहरूको अग्न्याशय (प्यान्क्रियाज) ले इन्सुलिनलाई राम्रोसँग प्रयोग नगर्ने हुन्छ। इन्सुलिन भनेको खानाबाट ऊर्जा (चिनी) लाई टुक्र्याउनमा मद्दत गर्नका लागि शरीरले उत्पादन गर्ने हर्मोन हो।

## अपाङ्गताहरू

कोबिड-१९ (COVID-19) बाट मानिसहरूलाई एकदमै बिरामी गराउने अनि एकदमै उच्च जोखिम पार्ने अपाङ्गताहरूमा क्रोमोजोम सम्बन्धी विकारहरू, जस्तै डाउन सिन्ड्रोम; बौद्धिक अपाङ्गता; र फोक्सोलाई काम गर्न कठिन गराउने अपाङ्गताहरू पर्दछन्।

# सिकल सेल रोग

रक्त कोशिका हरुमा गडबडी हुँदा, शरीरमा रातो रक्त कोशिकाहरु टुट्ने फुट्ने अनि बाङ्गो टिङ्गो हुने र शरिरमा रातो रगतको मात्रा पनि घट्ने हुन्छ । यि बाङ्गा टिङ्गा रक्त कोशीकाहरु हंसिया (सिकल्) जस्तो "सी" आकार मा परिवर्तन हुन्छन् । यस्ता "सी" आकारका रक्त कोशिकाहरु रगत बग्ने नसा (रक्त वाहिका) हरूमा अड्किन्छन् र रगत बग्न बन्द गर्दछन् र सिकल सेल रोग लाग्छ ।

# High-Risk Health Conditions for COVID-19

VERMONT DEPARTMENT OF HEALTH

March 2021

The COVID-19 vaccines will be available to people in Vermont who have certain health conditions. These conditions have been found to put people at more risk for getting really sick from COVID-19 compared to other health conditions.

## Current Cancer

People living with cancer have cells that are not normal and divide out of control. These cells can spread to other tissues that make up organs in the body. Cancer cells can move to other parts of the body through the blood and other systems. Many cancers are named after the part of the body they impact (for example, lung cancer begins in the lung).

## Chronic Kidney Disease

People living with chronic kidney disease have kidneys that have become damaged or cannot clean the blood as well as healthy kidneys. When the kidneys don't work well, wastes and extra water build up in the body. This can cause heart disease, high blood pressure, and other health problems.

## COPD, Including Emphysema and Chronic Bronchitis

COPD (chronic obstructive pulmonary disease) is a group of diseases that cause your airway to be blocked and can make it hard to breathe. Emphysema and chronic bronchitis are two kinds of COPD.

## Heart Disease

This includes several chronic illnesses that hurt the heart. This includes heart attack, heart failure, congestive heart failure, and coronary artery disease or ischemic heart disease (not enough blood and oxygen can reach the heart). Coronary artery disease can cause angina, or bad pain in the chest. Other heart diseases include cardiomyopathies (conditions that make it harder for the heart to pump blood) and pulmonary hypertension (high pressure in the blood vessels leading to the heart). High blood pressure is not included.

## Immunocompromised (Weakened Immune System)

People with this condition are not able to fight off infections because their immune system is not working well. This can be due to solid organ transplant, blood or bone marrow transplant, or immune deficiency diseases. This also includes people who have HIV and a low CD4 cell count or are not on HIV treatment. Using corticosteroids or other drugs can also make the immune system weaker.

## Severe Obesity (BMI of 40 or above)

Weight that is considered above what is healthy for a given height – for example, someone who is 65 inches, or 5 feet 5 inches tall, and weighs 240 pounds has a BMI of 40.

## Pregnancy

Pregnant people are included in the health conditions phase because those who are pregnant are at an increased risk of becoming very sick from COVID-19.

## Type 1 and Type 2 Diabetes

People with diabetes have pancreases that do not use insulin well. Insulin is a hormone created by the body to help break down energy (sugar) from food.

## Disabilities

Disabilities that put people at the highest risk of becoming very sick from COVID-19 include chromosomal disorders, like Down syndrome; intellectual disabilities; and disabilities that make it hard for lungs to work.

## Sickle Cell Disease

Blood cell disorders that cause the body to have too few red blood cells and cause red blood cells to change into a "C" shape, which makes them get stuck in blood vessels and stop blood from flowing.